फोन : ०८१-५३२२४०, ५३६३३८
टोलफ्री नं : १६६० ८१ ५२०५२
वेबसाइट : www.nepalgunjmun.gov.np
इमेल : nepalgunjmun@gmail.com


# नेपालगञ्ज उपमहानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## नेपालगञ्ज, बाँके जिल्ला

लुम्बिनी प्रदेश, नेपाल ।

**सार्वजनिक सुनुवाई र सामाजिक परीक्षण कार्यक्रम सञ्चालनका लागि गैरसरकारी संस्था/कम्पनी/परामर्शदाता संस्थाहरुलाई प्रस्ताव पेश गर्ने बारे अत्यन्त जरुरी सूचना**
**(प्रथम पटक प्रकाशित मिति २०८३।०६।१४)**

नेपालगञ्ज उपमहानगरपालिकाको चालू आ.व. २०८३।०८४ का लागि स्वीकृत सार्वजनिक सुनुवाई कार्यक्रम र सामाजिक परीक्षण सम्बन्धी २ (दुई) वटा कार्यक्रम वा कुनै एक कार्यक्रममा मात्रै प्रस्ताव पेश गर्न सकिने गरि उक्त क्षेत्रमा आवद्ध भई काम गरिरहेका ख्याती प्राप्त, अनुभवी एवं विशेषज्ञता हासिल गरिसकेका गैर सरकारी संस्था/कम्पनी/परामर्शदाता संस्थाहरुबाट गुणस्तर तथा लागत विधीबाट सेवा खरिद गरि सञ्चालन गर्नुपर्ने भएकोले तोकिएको कार्यक्षेत्रगत शर्त (TOR) बमोजिम प्राविधिक र आर्थिक विषयहरु अलग अलग खामबन्दी गरी उक्त दुवै खाम एउटै खाममा शिलबन्दी सहितको पूर्ण प्रस्ताव, सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र यस कार्यालयमा पेश गर्नहुन सूचित गरिन्छ ।

**तपसिल**

| सि.नं. | कार्यक्रमको नाम | वार्षिक | दर (रु) | कूल कार्यक्रम बजेट |
|---|---|---|---|---|
| १ | सार्वजनिक सुनुवाई कार्यक्रम | ३ पटक (प्रत्येक चौमासिकमा १ पटक पर्ने गरि) | १,००,०००।०० | ३,००,०००।- |
| २ | सामाजिक परीक्षण | १ पटक (प्रथम चौमासिकमा) | १,००,०००।- | १,००,०००।- |

**<u>प्राविधिक तथा आर्थिक प्रस्तावका साथ संलग्न गर्नुपर्ने देहाय बमोजिम कागजातहरुको प्रतिलिपिः</u>**

(१) दर्ता तथा नविकरण भएको प्रमाण पत्र, (२) आन्तरिक राजस्व कार्यालयबाट जारी भएको पान नं. वा मू.अ.कर दर्ता प्रमाणपत्र (३) उपमहानगरपालिकाको मौजूदा सूचीमा सूचिकृत भएको प्रमाणपत्र, (४) आ.व.०८१।०८२ सम्मको लेखा परिक्षण प्रतिवेदन, (५) आ.व.२०८१।०८२ को कर चुक्ता प्रमाणपत्र, (६) आफ्नै कार्यालय भएको वा बहालमा लिएको भए सो सम्बन्धि प्रमाणपत्र, (७) चालू आ.व.०८३।०८४ को उपमहानगरपालिकालाई बुझाउनुपर्ने सबै प्रकारका कर चुक्ता गरेको, (८) संस्था कालो सूचीमा नपरेको व्यहोरा प्रस्तावदाता वा निजको अधिकार प्राप्त प्रतिनीधिले स्वघोषणा गरि पत्र संलग्न गरेको, (९) प्रस्ताव तयार गर्दा कार्यक्षेत्रगत शर्त (TOR) का आधारमा तयार गरेको, (१०) संस्थाको विधानमा भएको उद्देश्य र प्रस्तावित कार्यक्रम विच तालमेल भएको (११) कर कट्टी लगायत अन्य विषयहरु सार्वजनिक खरिद ऐन, नियमावली बमोजिम हुनेछ, (१२) प्रस्तावको प्रत्येक पानामा प्रस्तावदाता वा निजको अधिकार प्राप्त प्रतिनीधिको दस्तखत र छाप लागेको हुनुपर्नेछ (१३) सार्वजनिक सुनुवाई सम्बन्धी प्रस्ताव पेश गर्दा बोलपत्र जमानत बापत रु.६,७५०।- र सामाजिक परीक्षण सम्बन्धी प्रस्ताव पेश गर्दा रु २,२५०।- नेपालगञ्ज उपमहानगरपालिकाको नाममा श्री राष्ट्रिय वाणिज्य बैंकमा रहेको धरौटी खाता नं. (ग-३) ४१३०१००३०३०००००२ मा नगदै जम्मा गरी सक्कल भौचर प्रस्तावका साथ संलग्न गरेको हुनुपर्नेछ । (१४) प्रस्ताव बुझाउदा लाग्ने दस्तुर : रु १०००।- (एकहजार) राजस्व शाखामा बुझाई नगदी रसिद प्रस्तावका साथ संलग्न गरेको हुनुपर्नेछ । (१५) प्रस्तावदाताहरुले उपमहानगरपालिका कार्यालयमा यो सूचना प्रकाशित भएको मितिले १५ दिन अर्थात् मिति २०८३ असोज १८गते कार्यालय समय भित्र, उक्त दिन विदा भएमा कार्यालय खुलेको दिन कार्यालय समय भित्र प्रस्ताव दर्ता गरिसक्नुपर्नेछ, (१६) दर्ता भएका सबै प्रस्तावहरु प्रस्ताव बुझाउने अन्तिम दिनको भोलिपल्ट कार्यालयका प्रतिनीधि तथा प्रस्तावदाता प्रतिनीधिहरुको रोहवरमा खोलिनेछ र प्रस्तावदाता अनुपस्थित भएमा समेत प्रस्ताव खोल्न बाधा पर्ने छैन, (१७) प्रकाशित सूचना तथा कार्यक्षेत्रगत शर्त (TOR) यस कार्यालयको सूचना पाटी तथा Website: www.nepalgunjmun.gov.np मा पनि हेर्न र डाउनलोड गर्न सकिनेछ । थप जानकारीका लागि नेपालगञ्ज उपमहानगरपालिका, नगरकार्यपालिकाको कार्यालय, फोन नं.०८१-५३६३३८/५३२२४० वा सामाजिक, गै.स.स.तथा साझेदारी विकास शाखामा सम्पर्क गर्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**
**नेपालगञ्ज उपमहानगरपालिका**

CS CamScanner

फोन: ०८१-५३२२४०, ५३६३३८
टोलफ्री नं: १६६० ८१ ५२०५२
वेबसाइट: www.nepalgunjmun.gov.np
इमेल: nepalgunjmun@gmail.com

# नेपालगञ्ज उपमहानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## नेपालगञ्ज, बाँके जिल्ला

लुम्बिनी प्रदेश, नेपाल ।

**नेपालगञ्ज उप-महानगरपालिकाको चालू आ.व.२०८३/०८४ का लागि स्वीकृत सार्वजनिक सुनुवाई र सामाजिक परिक्षण सम्बन्धी कार्यक्रमको प्रस्तावना पेश सम्बन्धी कार्यक्षेत्रगत शर्त (TOR)**

यस उप-महानगरपालिकाले चालू आ.व.२०८३/०८४ मा स्वीकृत सार्वजनिक सुनुवाई र सामाजिक परीक्षण दुवै कार्यक्रमहरु गैर सरकारी संस्था, कम्पनी वा परामर्शदाता संस्थाहरुवाट गुणस्तर र लागत विधि अपनाई सेवा प्रदायक छनौट गर्नुपर्ने भएकोले यस कार्यालयबाट मिति २०८३।०६।   गते प्रकाशित सूचना अनुसारको प्रस्ताव पेश गर्दा सार्वजनिक सुनुवाई र सामाजिक परीक्षण सम्बन्धी प्रचलित कानूनमा उल्लेखित विषयवस्तुहरु समेतलाई मनन गरि प्रस्तावना पेश गर्नका लागि देहाय वमोजिम कार्यक्षेत्रगत शर्त स्वीकृत गरिएको छ ।

**१. प्रस्तावको भाषा :- नेपालीमा हुनुपर्नेछ ।**

**२. प्रस्ताव पेश सम्बन्धी व्यवस्था :-** कुनै गैरसरकारी संस्था/कम्पनी/परामर्शदाता संस्थाहरुले सार्वजनिक सुनुवाई र सामाजिक परिक्षण दुवै कार्यक्रमका लागि वा कुनै एक कार्यक्रम मात्र कार्यान्वयन गर्न प्रस्ताव पेश गर्न पाउनेछन् ।

**३. कार्यक्रमको पृष्ठभूमी :-** प्रस्ताव माग गरेको कार्यक्रम वारेमा स्पष्ट उल्लेख गर्नुहोस् ।

**४. कार्यक्रमको उद्देश्य :-**

- उपमहानगरपालिकाको काम कारवाही बारे उपमहानगरबासिहरुलाई जानकारी गराउने ।
- उपमहानगरपालिकाकोले प्रदान गर्ने सेवा, सुविधाका बारेमा छलफल/बहस गर्ने ।
- उपमहानगरपालिकासँग सम्बन्धित गुनासोहरु सुनुवाई गरि गुनासो व्यवस्थापन गर्ने ।
- उपमहानगरपालिकाले प्रदान गर्ने सेवा, सुविधाको प्रभावकारिताका बारेमा पृष्ठपोषण लिने ।
- गत आ.व.०८२।०८३ मा भए गरेका कामहरुको सामाजिक, आर्थिक प्रभावका साथै वातावरणमा के कस्ता प्रभाव रहेको छ सो सम्बन्धि उपमहानगरपालिकाको सामाजिक परीक्षण गर्ने ।
- सेवाग्राहीहरुवाट आएका गुनासोको सुनुवाई गर्न सार्वजनिक सुनुवाईका माध्यमबाट साझा सार्वजनिक प्रतिबद्धताको घोषणा गर्ने ।

**५. कार्यक्षेत्र :-** नेपालगंज उपमहानगरपालिका भित्र ।

**६. कार्यक्रमको नाम, संचालन गर्ने विधि :-** प्रचलित सुशासन ऐन, स्थानीय सरकार सञ्चालन ऐन तथा सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण सम्वन्धि प्रचलित कानूनको परिपालना गर्ने गरि सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण गर्दा वस्तीस्तरमा सूचना प्रवाह, नागरिक सहभागिता, सेवाग्राहीसँगको विभिन्न विधिबाट नमूना अभिमत संकलन, वहिर्गमन मत लगायत अनुसन्धानका मापदण्डमा आधारित रहि समग्र उपमहांनगरपालिकाको सुशासनको अवस्था समेतको चित्रण गर्ने परिकल्पना सहितको प्रस्ताव तयार गरिएको हुनुपर्नेछ ।

**७. प्रस्ताव तयार गर्दा देहायका विषयमा बढीमा १०(दश) पेज भित्र समेटिने गरि पेश गर्नुपर्नेछ :**

क) संस्थाको छोटो परिचय एक पेज (ख) संस्थागत अनुभव र क्षमता दुई पेज (ग) मूख्य-मूख्य जनशक्तिको शैक्षिक योग्यता र कार्य अनुभव दुई पेज (घ) सार्वजनिक सुनुवाई र समाजिक परीक्षण सम्बन्धि कार्यक्रम साथै कार्यसम्पादन गर्ने तरिका र कार्यक्षेत्रगत शर्तप्रतिको प्रभावग्राहिता तिन पेज (ङ) कार्यालय भवन तथा भौतिक सामाग्री एक पेज (च) व्यवस्थापकिय क्षमता एक पेज । (छ) बोलपत्र जमानत बापत सार्वजनिक सुनुवाई सम्बन्धी प्रस्ताव पेश गर्दा रु.६,७५०।- र सामाजिक परीक्षण सम्बन्धी प्रस्ताव पेश

CamScanner

गर्दा रु २२५०।- नेपालगञ्ज उपमहानगरपालिकाको नाममा श्री राष्ट्रिय वाणिज्य बैंकमा रहेको धरौटी खाता नं. (ग-३) ४१३०१००३०३००००२ मा नगदै जम्मा गरी सक्कल भौचर प्रस्तावका साथ संलग्न गर्नुपर्नेछ ।

पुनश्च: सार्वजनिक सुनवाई प्रत्येक चौमासिकमा पर्ने गरि वार्षिक ३ (तिन) पटक र सामाजिक परीक्षण पहिलो चौमासिक भित्र सम्पन्न हुने गरि वार्षिक १(एक) पटक, फरक-फरक कार्यविधिबाट कार्यान्वयन हुने भएकोले दुवै कार्यक्रमको प्रस्ताव पेश गर्न ईच्छुक वा कुनै एक कार्यक्रम सञ्चालनका लागि प्रस्ताव पेश गर्न ईच्छुक प्रस्तावदाताले कार्यक्रमलाई स्पष्ट रुपमा परिभाषित हुने गरि तयार गर्नुपर्नेछ, जस्तै : संचालन विधि, कार्यान्वयन प्रक्रिया, जनशक्ति, कार्यान्वयन र कार्यसम्पन्न गर्ने अवधि आदि) ।

८. **कार्य योजना :-** दुवै कार्यक्रमको वेग्लावेग्लै कार्यान्वयनका लागि विस्तृत कार्ययोजना पेश गर्नुपर्नेछ ।

९. **अनुगमन तथा मूल्याङ्कन विधी :-** दुवै कार्यक्रमको शुभारम्भ देखि कार्यसम्पन्न सम्मको अनुगमन विधी उल्लेख गर्ने ।

१०. **प्रतिवेदन :-** कार्यक्रमको प्रतिवेदन पेश गर्दा अघिल्लो कार्यक्रमको प्रतिवद्धता कार्यान्वयनको अवस्था र हाल सम्पन्न भएको सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवद्धता लगायतका गतिविधिहरु समेटी प्रतिवेदन पेश गर्ने बारेमा संस्थाको धारणा उल्लेख गरेको हुनुपर्नेछ ।

११. **प्रारम्भिक आशय छनौट :-**

क) सूचनामा उल्लेखित शर्त तथा सो विषय सँग सम्बन्धित सर्म्पूण कागजातहरु प्रारम्भिक आशय छनौटका लागि अनिवार्य छन् । उक्त शर्त पुरा गरे वापत कुनै अङ्क पाईने छैन र यस्तो शर्त पुरा नगरेका प्रस्तावहरु प्रारम्भिक चरणबाटै बाहिरिने छन् ।

१२. **प्राविधिक तथा आर्थिक प्रस्ताव :-**

प्रस्तावको ढाँचा आफुखुशी प्रयोग गर्न सकिनेछ । प्राविधिक तथा आर्थिक विषयहरु अलग, अलग खामबन्दी गरि उक्त दुवै खाम अर्को एउटै खाममा राखी शिलबन्दी गरि पेश गर्नुपर्ने छ । प्रस्तावको प्रत्येक पानामा प्रस्तावदाता वा निजको अधिकार प्राप्त प्रतिनीधिले दस्तखत गरि संस्थाको छाप समेत लगाएको हुनुपर्नेछ ।

१३. **प्रस्ताव मूल्याङ्कन गर्ने तरिका :-**

पेश भएका प्रस्तावहरुको मूल्याङ्कन गुणस्तर र लागत विधि अनुसार गरिनेछ । प्रतावनाको कूल अङ्कभार १०० कायम गरिएको छ । प्राविधिक प्रस्तावको कूल अङ्कभार ८० र आर्थिक प्रस्तावको अङ्कभार २० प्रतिशत हुनेछ । दुवै प्रस्तावमा उच्चतम अङ्क प्राप्त गर्ने सेवा प्रदायक संस्थालाई छनौट गरिनेछ । ।

क) सार्वजनिक सुनुवाई र समाजिक परीक्षणका लागि उप-महानगरपालिकाद्वारा विनियोजित कूल बजेट गुणस्तर तथा लागत विधि अनुसार विनियोजित बजेटको परिधि भित्र रही पेश गरेको हुनुपर्नेछ ।

ख) खर्चको सार्वजनिकीकरण, पारदर्शिता, सार्वजनिक परीक्षण गर्ने विधि लगायतका विषयहरु समेत उल्लेख हुनुपर्नेछ ।

१४. **अनिवार्य रुपमा पुरा गर्नुपर्ने पूर्व शर्तहरुः-**

सूचनामा उल्लेख भएका शर्तहरु प्रारम्भिक आशयका लागि अनिवार्य भएकोले उक्त शर्तहरु पुरा गरे वापत अङ्क दिइने छैन र यस्तो शर्त पुरा नभएको प्रस्ताव माथि कुनै कारवाही हुने छैन ।

**पुनश्चः** छनौटमा नपरेका गैरसरकारी संस्था/कम्पनी/परामर्शदाता संस्थाका जनशक्तिहरुले अन्तिम छनौटमा परेका सेवा प्रदायक संस्थाहरुमा रही काम गर्नमा भने वाधा पार्ने छैन ।

१५. प्रस्ताव स्वीकृत, अस्वीकृत वा रद्ध सम्बन्धी जुनसुकै निर्णय गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा अन्तरनिहित रहनेछ । यसमा उल्लेख नभएको हकमा प्रचलित सार्वजनिक खरिद ऐन, नियमावली बमोजिम हुनेछ ।

१६. प्रस्ताव बुझाउदा लाग्ने दस्तुर : रु १०००।- (एकहजार) राजस्व शाखामा बुझाई नगदी रसिद प्रस्तावका साथ संलग्न गरेको हुनुपर्नेछ ।

**धन्यवाद ।**

CamScanner